नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

पत्र संख्या : ०७७/७८

चलानी नं. : १०२६

वायु प्रदूषण सम्बन्धी वातावरण विभागको

प्रेस विज्ञप्ति

मिति २०७७ चैत्र १३ गते देखि मुलुकका विभिन्न भागमा भएको डढेलोको कारणले देशका विभिन्न भागका साथै काठमाडौं उपत्यकामा वायु प्रदूषणको स्तर बढेको छ । यो अवस्था केहि दिन अझै रहन सक्ने भएकोले यसबाट जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्दछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, दम खोकी जस्ता स्वासप्रस्वास सम्बन्धी बिरामी र मुटुका रोगीहरु बढी प्रभावित हुने भएकोले उहाँहरुलाई सकेसम्म घर बाहिर ननिस्कन र सबै उमेर समूहका नागरिकहरु पनि सम्भव भएसम्म घर बाहिर ननिस्कन साथै निस्कनै पर्ने अवस्थामा मास्क, चस्मा लगाई विशेष सावधानी अपनाउन, आगो बाल्दा समेत वायु प्रदूषण झनै बढ्ने भएकोले फोहर बाल्ने र खुला रुपमा आगो बाल्ने कार्य नगरिदिनुहुन, विद्युतीय सवारी साधन बाहेकका अन्य सवारी साधन कम प्रयोग गर्न वातावरण विभाग हार्दिक अपिल गर्दछ ।

वायु प्रदूषण मौसममा पनि भर पर्ने भएकोले मौसम यस्तै भइरहेमा केहि समयसम्म प्रदूषण यस्तै रहन वा अझै खराब समेत हुने सम्भावना रहेको हुनाले विशेष सावधानी अपनाउनुहुन र वायु प्रदूषणको अवस्थाको थप जानकारीका लागि www.pollution.gov.np हेर्नुहुन साथै वायु प्रदुषण न्यूनिकरण गर्न आ-आफ्नो स्थानीय तहमा सम्पूर्ण स्थानीय तहहरुले समेत विशेष कार्यक्रम सञ्चालन गर्न र फोहोर/पातपतिंगर जलाउने कार्यलाई तत्काले नियन्त्रण गर्न विशेष अनुरोध छ ।

२०७७।१२।२६

(मुकुन्द प्रसाद निरौला)
महानिर्देशक
वातावरण विभाग

कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं | कार्यालयको टेलिफोन नं. ०१-४२२१७९७/४२२०८३७ | फ्याक्स: ०१-४२२१५५७ | इमेल: info@doenv.gov.np | वेबसाईट: www.pollution.gov.np